# रोशी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८)  संख्या: ५ मितिः २०८१ साल चैत महिना २७ गते

# भाग-२

## रोशी गाउँपालिकाको गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रोशी गाउँपालिकाको गाउँ कार्यपालिकाले "गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१" बनाई लागू गरेको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कार्यविधिको नाम "गाउँ प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७" रहेको छ।

ख. यो कार्यविधि रोशी गाउँ कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिवाट लागू हुनेछ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ख) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ग) "कार्यालय" भन्नाले गाउँपालिका रहेको केन्द्रीय कार्यालयलाई सम्झनु पर्दछ।

घ) "कार्यपालिका" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठन हुने गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ङ) "गाउँ प्रहरी" भन्नाले रोशी गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

च) "गाउँ प्रहरी कर्मचारी" भन्नाले गाउँ प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

छ) "जवान" भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ

ज) "गाउँपालिका" भन्नाले रोशी गाउँपालिकालाई सम्झनु पर्दछ ।

झ) "गाउँ सभा" भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्दछ ।

ञ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले गाउँ कार्यपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ट) "भत्ता" भन्नाले रोशी गाउँपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

ठ) "समिति" भन्नाले रोशी गाउँपालिकाको यस कार्यविधि बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## गाउँ प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**३) गाउँ प्रहरी सेवाको गठन :**

१) गाउँपालिकामा अनुसूची-१ मा उल्लेख भए बमोजिमको गाउँ प्रहरी सेवा रहनेछ ।

२) उपदफा १ बमोजिमको सेवाका पदहरु गाउँपालिकाको आवश्यकता अनुरुप सबै वा केही रहने गरी गाउँपालिकाले निर्धारण गर्नेछ ।

**४) गाउँ प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

क) गाउँपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

ङ) गाउँ सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने,

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन,

छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधार संरक्षण र सुरक्षा, विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्र्थापना,

ज) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

झ) छाडा चौपायको नियन्त्रण,

ञ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

ट) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई र हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

ठ) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी कानून शाखा मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

ड) गाउँ क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

ढ) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

ण) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

त) छाडा कुकुर नियन्त्रण सम्वन्धी कारवाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने । खतरा उत्पन्न हुने रुख काट्न लगाउने तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

थ) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

द) गाउँ कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

ध) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

न) रोशी गाउँ क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना कारवाही गर्ने ।

प) गाउँपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास

आदि जस्ता कार्यक्रममा गाउँपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

फ) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

ब) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

भ) गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

म) गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

य) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने।

र) शहरमा ध्वनी, धुवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने।

ल) दमकल ,एम्बुलेन्स र शववाहन सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्याउने।

व) विपद्, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने।

(श) गाउँपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने।

ष) गाउँपालिका अन्रतगतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यिन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने।

श) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने।

क्ष) गाउँपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

## परिच्छेद – ४

## पदपूर्ति

**५) गाउँ प्रहरी करार सेवाको पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ। खुल्ला प्रतियोगितामा देहायका ब्यक्तिले भाग लिन सक्नेछनः**

क) दरखास्त आब्हान पछी दरखास्त आव्हानको म्याद सम्म १८ वर्ष उमेर पुरा भई र ४५ वर्ष ननाघेको ,

ख) गाउँ प्रहरी सहायक निरीक्षक पदको लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट +२ वा सो सरह उत्तीर्ण, र गाउँ प्रहरी जवान पदको लागि कक्षा आठ वा सो सरह उतीर्ण गरेको ,

ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ,

घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेको ,

ङ) आतंककारी संगठनको सदस्य नरहेको ,

च) महिलाहरुको लागि घटीमा ५ फिट तौल ४२ के.जी र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई तौल ५० के.जी भएको ,

छ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ,

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ,

झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ,

ञ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ,

ट) मोटर साइकल चलाउन लाइसेन्स प्राप्त गरेको ,

**६) पदपूर्ति समिति :  गाउँपालिकाको गाउँ प्रहरी पदपूर्ति समिति निम्नानुसार हुनेछ ।**

क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष,

ख) नेपाल प्रहरीको अधिकृत स्तरको कर्मचारी – सदस्य,

ग) प्रशासन शाखा प्रमुख – सदस्य सचिव

गाउँ प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा आवस्यक पर्दा सम्बन्धित विषय विज्ञलाई आमन्त्रित गरिनेछ।

## ७. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :

१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठ्यक्रम र छनौट विधिलाई आधार मानी शारिरिक तन्दुरुस्ती परीक्षण, लिखित परीक्षा तथा अन्तर्वार्ताको माध्यमबाट गरिनेछ। साथै पदपूर्ति समितिले पाठ्यक्रममा हेरफेर र परिमार्जन गर्न सक्नेछ।

ख) पदपूर्ति कार्यतालिका बनाउने।

ग) परीक्षाको किसिम तोक्ने।

घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने।

ङ) शारिरीक तन्दुरुस्ती परीक्षा संचालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने।

च) नियुक्तीका लागि सिफारिश गर्ने।

छ) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने।

२) पदपूर्ति समितिले गाउँ प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

३) खुल्ला प्रतियोगिताद्धारा पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्ने म्याद पन्ध्र दिन राखी स्थानीय स्तरको पत्रिका, कार्यालयको वेवसाइट र सुचना पाटमि सूचना प्रकाशित गर्नु पर्नेछ।

**८) योग्यताक्रम सूची तयार गर्ने :**

१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति/सम्झौताका लागि सिफारिस पेश गर्नेछ। कुल रिक्त पदको बढीमा ५० प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ।

२) नियुक्ति/सम्झौताको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र नियुक्ति/सम्झौता पत्र दिने निर्णय गरी सक्नु पर्नेछ।

३) वैकल्पिक उम्मेदवारहरुले १ वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

**९) नियुक्ति गर्ने अधिकारी :** पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गाउँ प्रहरीको नियुक्ति गर्नेछ।

## परिच्छेद – ६

## विदा

**१०) विदाको किसिमहरु : गाउँ प्रहरी कर्मचारीहरुले देहाय वमोजिमका विदा पाउनेछन :**

**क) भैपरी/पर्व विदा :** १) गाउँ प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ।

२) भैपरी/पर्व आउने विदा साधारणत : एक पटकमा २ दिनमा नबढाई लिन पाइने छ।

३) भैपरी/पर्व आउने विदा एक सालको अर्को सालमा लिन पाइने छैन।

**ख) किरिया विदा :** १) गाउँ प्रहरी कर्मचारी आफैं किरियामा वस्नु परेमा कुल धर्म अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ। यस्तो विदा महिला गाउँ प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिईनेछ।

२) यस्तो किरिया विदा बस्ने गाउँ प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र राशन पाउनेछ।

**११) विदा स्वीकृत नगराइ घर वस्ने गाउँ प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने :** १) यस कार्यविधि वमोजिम विदा स्वीकृत नगराउइ बस्ने गाउँ प्रहरी कर्मचारी कार्यालयमा हाजिर हुन पाउने छैन।

२) उपदफा (१) को उल्लंघन गरी गैर हाजिर हुने गाउँ प्रहरी कर्मचारीलाई गाउँ कार्यपालिकाको कार्यालयले सेवाबाट हटाउन सक्नेछ।

३) गाउँ प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन। यो सहुलीयत मात्र हो।

४) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको गाउँ प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

## परिच्छेद ७

## आचरण

**१२) दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि गाउँ प्रहरी र निजको परिवारका सदस्यसमेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

**१३) चन्दा लिन नहुने :** कुनै गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**१४) स्वीकृती विना अचल सम्पत्ति खरिद गर्न नहुने :** गाउँपालिकालाई पूर्व सूचना नदिई कुनै पनि गाउँ प्रहरी कर्मचारीले आफ्नो बसोबासको निमित्त चाहिने वाहेक आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गर्न हुदैन यदी खरिद गर्नु पर्ने भएमा रोशी गाउँपालिकाको स्वीकृत लिएर मात्र खरिद गर्न सक्नेछ ।

**१५) सम्पत्तिको विवरण दिनुपर्ने :** (१) हाल वहालमा रहेको गाउँ प्रहरी कर्मचारीले यो कार्यविधि लागू भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका गाउँ प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाउँपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण।

२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरात, सुन, चाँदीको अन्दाजी मूल्य।

३. कार्यविधिको बुँदा ४३ को उपबुँदा १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको गाउँ प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ।

४. आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक गाउँ प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

**१६) व्यापार व्यवसाय गर्न नहुने : कुनै पनि गाउँ प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :**

१. कुनै व्यापार गर्न
२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र
३. कुनै व्यवसाय चलाउन।

**१७) गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने :** गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा

अप्रत्यक्ष रुपबाट अरु अनधिकृत गाउँ प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन।

**१८) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** गाउँ प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त गाउँको कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ।

**१८) गाउँपालिकाको आलोचना :** गाउँ प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाउँपालिका र गाउँबासीमा खल्ल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन।

**१९) निर्वाचनमा भाग लिन नहुने :** गाउँ प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट गारेमा प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन।

**२०) राजनीतिमा भाग लिन नहुने :** गाउँ प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक

संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

**२१) समय पालन र नियमितता :** गाउँ प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

**२२) अनुशासन र आज्ञापालन :** गाउँ प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

**२३)** गाउँ प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ।

**२४)** गाउँ प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ।

**२५)** गाउँ प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने : गाउँ प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाब पार्न अथवा प्रभाब पार्ने प्रयत्न गर्न हुँदैन।

**२६)** बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः गाउँ प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन।

## परिच्छेद – ८

## सजाय र पुनरावेदन

**२७) सजाय :** उचित र पर्याप्त कारण भएमा गाउँ प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

५. लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

## परीच्छेद ९

## तलब, भत्ता लगायतको सेवा सुविधा

**२८) तलब भत्ता :** १)  गाउँ प्रहरी कर्मचारीको तलब नेपाल सरकारले नेपाल प्रहरीको सोही पदको लागि निर्धारण गरे बमोजिमको सुरु तलब स्केल बराबर हुनेछ ।

२)  कर्मचारीले हाजिर भएको दिनदेखि तलब भत्ता पाउनेछ ।

३)  कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता वा अन्य सुविधा प्रदान गर्नका लागि गाउँपालिकाले आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी व्यवस्था गर्न सक्नेछ ।

**२९) चाडपर्व खर्च पाउने :** गाउँ प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछ ।

**३०) स्तरबृद्धिः** नियुक्ति भएको कम्तिमा ४ वर्ष सेवा अवधि पूरा भई कार्यसम्पादन उच्च रहेमा गाउँपालिकाको निर्णय बमोजिम गाउँ प्रहरीको बढीमा १ तह स्तरबृद्धि गर्न सकिनेछ ।

**३१) तालिमको व्यवस्था :** गाउँ प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन रोशी गाउँपालिकाले आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

**३२) कार्यविधि संशोधन :** यस कार्यविधिमा आवश्यक संशोधन रोशी गाउँ कार्यपालिकाले गर्ने सक्नेछ ।

**३३) खारेजी र बचाउ :** गाउँ प्रहरी सञ्चालन व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ खारेज गरीएको छ र सो कार्यविधि अनुसार भएगरेको काम यसै कार्यविधि बमोजिम गरिएको मानिनेछ ।

अनुसूची (१)

दफा ३ को उपदफा (१) सँग सम्बन्धित

**गाउँ प्रहरी सेवा भित्र रहने पदहरु:**

| क्र.स. | सेवा | पद | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँ प्रहरी | गाउँ प्रहरी सहायक निरीक्षक | १ | नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक सरह |
| २ | | गाउँ प्रहरी जवान | ४ | नेपाल प्रहरीको प्रहरी जवान सरह |

आज्ञाले
शिव प्रसाद भन्तना
प्रमुख प्रशासकीय अधिकृत